# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## भुक्तानी प्रणाली विभाग

अ. प्रा. निर्देशन नं:-७/०७५ मिति:-२०७५/०६/१६

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय, उपत्यका बाहिरस्थित कार्यालयहरु एवम् यस विभागबाट भुक्तानी सम्बन्धी कार्य गर्न अनुमति लिएका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक संस्था/संयन्त्रहरु

**विषयः- लघुवित्त वित्तीय संस्थाहरुलाइ भुक्तानी सेवा प्रदायकको अनुमति प्रदान गर्ने सम्बन्धमा**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुले भुक्तानी सेवा प्रदायकको रुपमा सेवाग्राहीलाई विद्युतीय माध्यमबाट भुक्तानी सम्बन्धी सेवा प्रदान गर्न देहाय बमोजिमका मापदण्ड एवम् प्रक्रियागत व्यवस्था कायम गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०३ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएकोछ ।

(१) यस बैंकबाट इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाले विद्युतीय माध्यमबाट भुक्तानी सेवा प्रदान गर्न देहाय बमोजिमका मापदण्ड पुरा रेको हुनु पर्नेछ ।

(क) कम्तीमा चुक्ता पुँजी रु. १०,००,००,०००।- (अक्षरेपी दश करोड रुपैया) रहेको,

(ख कम्तीमा २० (विस) वटा शाखा कार्यालयहरु सञ्चालनमा रहेको,

(ग) कम्तीमा २०,००० (विस हजार) ग्राहकहरुसँग कर्जा/बचत कारोवार गरेको,

(घ) यस बैंकमा पेश गर्नुपर्ने तथ्याङ्क तथा विवरण Online मार्फत् पेश गर्ने प्रतिवद्धतापत्र पेश गरेको,

(ङ) विश्वसनीय र भरपर्दो सूचना प्रविधि प्रणालीको प्रयोग गरेको,

(२) इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले विद्युतीय माध्यमबाट भुक्तानी सेवा प्रदान गर्न देहाय बमोजिमका प्रक्रृयागत व्यवस्थाहरु पु ारी निवेदन पेश गर्नु पर्नेछ ।

(क) संस्थाको सञ्चालक समितिबाट विद्युतीय माध्यमबाट गरिने कारोवार र सेवा सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि पेश गर्नुपर्ने,

(ख) भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई प्रदान गरिने अनुमति नीति, २०७३ को अनुसूची ३ र ४ सम्बन्धी विवरण पेश गर्नुपर्ने,

(ग) Data Center र Data Recovery Site सम्बन्धी व्यवस्था गरी कार्ड होल्डरको तथ्याङ्कको सुरक्षाको प्रत्याभूति गरेको हुनुपर्ने,

(घ) Information Technology Policy, Product Manual, User Manual सम्बन्धी विवरण पेश गर्नुपर्ने,

(ङ) जोखिम पहिचान, न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी गरिएका व्यवस्थाहरु र विवाद समाधान कार्यविधि तयार गरी पेश गर्नुपर्ने,

(च) विद्युतीय भुक्तानी कार्डको माध्यमबाट कारोवार गर्न Switching संस्था र दूरसञ्चार सञ्जाल मार्फत् कारोवार गर्न दूरसञ्चार सेवा प्रदायक/इन्टरनेट सेवा प्रदायक संस्थाहरुसँग सेवा उपयोग गर्ने सम्बन्धी सम्झौताहरुको प्रतिलिपि पेश गर्नुपर्ने,

(छ) संस्थाको केन्द्रीय कार्यालय र कारोवार सञ्चालन गर्ने शाखा कार्यालयहरु बीच Online Network Connectivity सम्बन्धी व्यवस्था गरेको हुनुपर्ने,

(ज) भुक्तानी कारोवारको लागि आवश्यक तरलता तथा जोखिम व्यवस्थापन सम्बन्धी प्रतिवद्धता पेश गरेको हुनुपर्ने,

(झ) Access Control Measure सम्बन्धी व्यवस्था गरी भुक्तानी प्रणालीको नियमित अनुगमनको व्यवस्था मिलाएको हुनुपर्ने ।

(ञ) आन्तरिक रुपमा भुक्तानी प्रणालीको नियमित अनुगमन र ओभरसाइट गर्नुपर्ने ।

(३) सर्ट म्यासेज सर्भिस (Short Message Service) सम्बन्धी व्यवस्था

(क) लघुवित्त वित्तीय संस्थाले भुक्तानी सेवा प्रदान गर्दा कारोवार सम्पन्न भए पश्चात SMS Alert सेवा प्रदान गर्नु पर्नेछ,

(ख) लघुवित्त वित्तीय संस्थाले सर्ट म्यासेज सर्भिस (Short Message Service) मार्फत् खाताको विवरण/वित्तीय कारोवारको जानकारी आफ्ना सेवाग्राहीलाई प्रदान गर्नुपूर्व तोकिए बमेजिमका मापदण्ड एवम् प्रकृयागत व्यवस्था पुरा गरी यस बैंकबाट अनुमति लिनु पर्नेछ,

(ग) लघुवित्त वित्तीय संस्थाले यस बैंकबाट तोकिए बमोजिमका मापदण्ड एवम् प्रकृयागत व्यवस्थाहरु पुरा नगरेको अवस्थामा SMS Alert सेवा मात्र प्रदान गर्न यस बैंकको स्वीकृति लिनुपर्ने छैन ।

भवदीय,

(..............................)

कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय,
२. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग,
३. श्री बैंक सुपरिवेक्षण विभाग,
४. श्री विकास बैंक सुपरिवेक्षण विभाग,
५. श्री वित्त कम्पनी सुपरिवेक्षण विभाग,
६. श्री बैंकिङ कार्यालय थापाथली,
७. श्री नेपाल राष्ट्र बैंक, जिल्लास्थित कार्यालयहरु,
८. श्री नेपाल बैंकर्स एसोशियसन,
९. श्री डेभलपमेन्ट बैंकर्स एसोशियसन,
१०. श्री नेपाल वित्तीय संस्था संघ,
११. श्री नेपाल लघु वित्त वित्तीय संस्था संघ,
१२. श्री भुक्तानी प्रणाली सञ्चालक,
१३. श्री भुक्तानी सेवा प्रदायक ।